नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौ

**विषयः राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि आवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रथम पटक प्रकाशित मिति २०७५/०५/२०

यस मन्त्रालयको आ.व. २०७५।०७६को स्वीकृत वार्षिक कार्यक्रम अन्तगर्त गत आ.व. भित्र खेल क्षेत्रमा उत्कृष्ट कार्य गर्ने खेलाडी, खेल प्रशिक्षक, खेल निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, राष्ट्रिय खेल संघ तथा खेल प्रायोजकहरुमध्येबाट छनौट भएका उत्कृष्ट खेल प्रतिभाहरुलाई जनही रु.१ लाखका दरले नगद पुरस्कार तथा सम्मान पत्रबाट सम्मान गर्ने कार्यक्रम रहेकाले योग्य खेलाडी, खेल प्रशिक्षक, खेल निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, राष्ट्रिय खेल संघ तथा खेल प्रायोजकहरुमध्येवाट राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि (संशोधनसहित), २०६८ को अनुसूचि २ र ३ वमोजिमको प्रक्रिया पूरा गरी आवश्यक विवरण सहित मन्त्रालयको खेलकुद प्रवर्द्धन शाखामा सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आइपुग्ने गरी आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी तथा म्याद नाघी प्राप्त आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन। विस्तृत जानकारीको लागि खेलकुद प्रवर्द्धन शाखाको फो.नं. ४२००५५० मा सम्पर्क गर्न तथा मत्रालयको वेभसाइट www.moys.gov.np मा पनि हेर्न सकिनेछ।